# भीरकोट राज्यको संक्षिप्त

# अध्ययन

**त्रिभुवन विश्वविद्यालय**

मानविकी तथा सामाजिक शास्त्र संकाय पृथ्वीनारायण क्याम्पस, पोखरा

स्नातकोत्तर तह इतिहास विषयको छैठौं पत्रको प्रयोजनका

लागि प्रस्तुत

# शोध-पत्र

प्रस्तोता

**कुलप्रसाद खनाल**

परीक्षा रोल नं : ३०४२

त्रि.वि.वि. दर्ता नं : २९१६३/८९

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

२०६६

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय इतिहास विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरूप छैठौं पत्रको प्रयोजनका लागि श्री कुलप्रसाद खनालले "भीरकोट राज्यको संक्षिप्त अध्ययन" शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नु भएको हो । शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु । उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६६/०३/२१

................................

डा. दिलबहादुर क्षत्री

प्राध्यापक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र संकाय**
**इतिहास तथा संस्कृति विभाग**
**पृथ्वीनारायण क्याम्पस, पोखरा**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय इतिहास विषयको स्नातकोत्तर तह छैठौं पत्रको पाठ्क्रमअनुरूप श्री कुलप्रसाद खनालले "भीरकोट राज्यको संक्षिप्त अध्ययन" शीर्षकमा तयार पार्नुभएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख सह-प्राध्यापक गुनाखर जैसी (भट्टराई) .....................................

२. बाह्य परीक्षक सह-प्राध्यापक डा. ज्ञानबहादुर कार्की .....................................

३. शोध निर्देशक प्रा.डा. दिलबहादुर क्षत्री ....................................

मिति : २०६६/०४/१९

# प्राक्कथन

हालको राजनैतिक विभाजनअनुसार नेपालको स्याङ्जा जिल्लाअन्तर्गत उत्तर-मध्यकालमा ४ कोटहरू प्रसिद्ध थिए । तत्कालीन बाइसी चौबीसी राज्यहरूको एकीकृत रूप नै आजको नेपाल हो भने तिनै टुक्रे राज्यहरूमा विकसित भएको राजनीतिक, आर्थिक, सांस्कृति, सामाजिक र धार्मिक संस्कारहरूको परिमार्जित रूप नै नेपालीहरूको वास्तविक पहिचान हो । तसर्थ इतिहासलाई बुझ्नु भनेकै आफ्नो विगतको पहिचानलाई बुझ्नु र सम्मान गर्नु हो । त्यसैले होला नेपोलियन वोनापार्टले मृत्युशैयाबाट भनेका थिए 'मेरा सन्तानलाई इतिहास पढाउनु' ।

तत्कालिन अवस्थामा मुलुकका विभिन्न थुम्कैपिच्छे राजा, टाकुरापिच्छे कोट-किल्ला र कालिकास्थान भएको स्याङ्जा जिल्लाको आफ्नै पहिचान र गौरवशाली इतिहास छ । व्यक्ति र व्यवस्था समयअनुसार आउँछन् जान्छन् तर इतिहास मेटिदैन र मेटिनु पनि हुँदैन । हाल हामी राजतन्त्रबाट लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेका भए पनि नेपालको इतिहासबाट राजतन्त्रको इतिहास झिक्न नमिल्ने मात्र होइन कि शाहवंशका बारेमा त जे जसरी व्याख्या विश्लेषण गरिएता पनि नेपाली लिखित इतिहासको र वर्तमान नेपाली भूगोलको हरेक क्षेत्रमा शाहवंशको छाप रहेको छ । इ.सं. १४९५ देखि इ.सं. २००८ सम्मको अवधिभित्र शाहवंशको उल्लेखनीय भूमिका रह्यो । खिलुङ (भीरकोट) बाट राज्य सत्ता हात पार्न सफल भएको वंशले इतिहासका अनेकौं मोडहरू पार गर्दै नेपाल एकीकरण गर्न पुगे । त्यसैले पनि भीरकोट राज्यको बारेमा अध्ययन गर्नु नै शाहवंशका बारेमा वास्तविक अध्ययन गर्नु हो । ऐतिहासिक जिल्ला स्याङ्जाको ऐतिहासिक कोट भीरकोटका बारेमा शोधपत्र तयार पार्ने अवसर प्राप्त हुनुलाई मैले आफैलाई भाग्यमानी सम्झेको छु । तर के गर्नु भुरे टाकुरे समय र चौबीसेकालको इतिहास स्पष्ट छैन । स्याङ्जा जिल्ला अन्तर्गत पर्ने शाहवंशको उद्‌गम स्थल भीरकोटको इतिहास खोज्न ज्यादै गाह्रो पऱ्यो । स्थलगत भ्रमण गरें, पुराना अभिलेख, शिलालेख, ताम्रपत्रको खोजी गरें तर कतै केही प्रमाण, स्रोत भेटाउन सकिएन । अनि दौडें स्याङ्जाली इतिहासकारहरू समक्ष । जसमा भीरकोटे खान राजाका वंशज एवं खाँण ठकुरी वंशावलीका लेखक वृद्ध वुवा चक्रबहादुर खाँण ठकुरी (हाल भरतपुर) त्यस्तै महेश्वर शर्मा र प्रा.डा. राजाराम सुवेदीज्यूकहाँ । उहाँहरूबाट प्राप्त सल्लाह, सुझाव र ढाडसले कलम अगाडि बढ्ने साहस चल्यो । प्रा.डा. राजाराम सुवेदी र

महेश्वर शर्माज्यूले समेत स्वीकार्नु भएको उक्ति 'इतिहासलाई घटनाक्रमको वर्णन मात्र नमानेर तत्कालीन स्थितिबोधको दिग्दर्शन पनि मान्ने हो भने यो विवरणले केही मात्रामा भए पनि पूर्वस्थितिको उद्घाटित गर्दछ' लाई मैले पनि स्वीकार्नै पऱ्यो ।

इतिहास लौहपथमा हिँडेको हुन्छ र प्रमाणका आधारमा सत्यतथ्यको कसीबाट लेखिने विधा हो भन्ने देवीप्रसाद रेग्मी 'वनवासी' ज्यूको भनाइको परिधिभित्र रहन नसक्नु यस शोध-पत्रको कमजोरीलाई हृदयमा राख्दै कतिपय अनुश्रुतिलाई समेत आधार मान्नु र कतिपय छिमेकी राज्यका समकालीन प्रमाणको सहारा लिनु मेरो बाध्यता रह्यो । तैपनि भीरकोटको ऐतिहासिक, राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको उजागार गराउने पक्षमा सक्दो प्रयास गरेर यस क्षेत्रमा रहेका ऐतिहासिक, पूरातात्विक, पर्यटकीय स्थानहरूको महत्व प्रकाशमा ल्याउने उद्देश्यले यो शोध-पत्र तयार गरिएको हो ।

प्रस्तुत शोध-पत्रमा शाहवंशको राज्य स्थापनादेखि भीरकोट राज्यको नेपालमा विलयसम्म (चौबीसे काल) लाई बढी महत्त्व दिँदै तत्कालीन समयको भीरकोटको ऐतिहासिक, राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक पक्षलाई जोड दिन खोजिएको छ । यो शोध-पत्र तयार पार्दा ज्ञान र अनुभवको कमी, कार्यव्यस्तता, समयअभाव साथै भरपर्दा स्रोतहरूका अभावका कारण कतिपय ठाउँमा त्रुटि र कमजोरीहरू अवश्य रहेका छन् र यसप्रति क्षमाप्रार्थी छु । नहुनुभन्दा कानो मामा वेश भनेझैं यस शोधकार्यले भीरकोट राज्यका बारेमा थप अध्ययन तथा अनुसन्धान गर्ने जिज्ञासुवर्गलाई थोरै मात्रामा भए पनि सहयोग पुग्नेछ भन्ने आशा लिएको छु ।

सर्वप्रथम 'भीरकोट राज्यको संक्षिप्त अध्ययन' शीर्षकमा शोध-पत्र तयार गर्ने सुअवसर प्रदान गर्ने त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग पोखरालाई धन्यवाद दिन चाहन्छु । मलाई इतिहास विषय अध्ययन गर्न र शोध-पत्र लेख्न प्रेरित गरिरहनुभएका यस विभागका विभागीय प्रमुख श्रद्धेय गुरु गुनाखर जैसी (भट्टराई) ज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोध-पत्र तयार गर्ने क्रममा आफ्नो अत्यन्त व्यस्त समय कटौति गरी शुरुदेखि नै मलाई नीति, निर्देशन, सल्लाह, सुझाव दिँदै थाकेको मानसिकतामा उर्जा थपिदिनुभई अपरिपक्व, कमजोर र बालक लेखन अभ्यासलाई झिजो र झर्को नमानी परिस्कृत र पठनयोग्य गराइदिनु हुने श्रद्धेय गुरु तथा शोध-निर्देशक प्रा.डा. दिलबहादुर क्षत्रीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै मेरो इतिहास विषयमा स्नातकोत्तरको प्रारम्भदेखि अन्त्यसम्म अत्यन्त सहयोग पुऱ्याउनुहुने गुरु चन्द्रकान्त पौडेल, शोधपत्र तयार पार्ने क्रममा महत्त्वपूर्ण सुझाव दिनुहुने गुरु डा.ज्ञानबहादुर कार्कीलगायत विभागका सम्पूर्ण गुरुजनहरूमा आभार व्यक्त गर्दछु। त्यस्तै यस शोध कार्यमा मर्मस्पर्शी सल्लाह प्रदान गर्नुहुने त्रि.वि.वि. किर्तिपुरका आदरणीय गुरु प्रा.डा. राजाराम सुवेदीज्यूको गुन बिर्सनै सकिंदैन ।

यस शोधकार्यको सिलसिलामा हाल भरतपुर निवासी ८२ वर्षीय वृद्ध बुवा चक्रबहादुर खाँण ठकुरीज्यू, जसले आफ्नो कृति खाँड ठकुरी वंशावली उपलब्ध गराउनुका साथै लामो समय दिएर मेरा विभिन्न जिज्ञासाहरू मेटाउनुभएका र यस कार्यको सफलताका लागि फोनबाट बारम्बार शुभकामना दिनुभएका आदरणीय बुबाको गुन तिरिनसक्नुको छ। त्यस्तै खाँण वंशावली उपलब्ध गराउनुका साथै धेरै पटक बाटाघाटामा तथा घरमा मलाई समय दिएर अन्तर्वार्ता तथा फोनबाट समेत महत्त्वपूर्ण विषयका जानकारी प्रदान गर्नुहुने वालिङ न.पा. का पूर्व उप-मेयर दाजु दिलिपप्रताप खाँणज्यू त मेरो शोध कार्यका विशिष्ट स्रोतव्यक्ति नै हुनुभयो। अर्कातर्फ आफ्ना पिताको आसौचमा समेत पितृशोकका माझबाट मेरो लामो प्रश्नावलीको विस्तृत उत्तरमात्र नभई यस कार्यलाई जे-जसरी पनि सफल पार्नका निम्ति तार्किक परामर्श दिनुहुने साहित्यकार आदरणीय बुवा देवीप्रसाद रेग्मी 'वनवासी' ज्यूलाई सम्मान गर्ने शब्द मसँग छैन। स्याङ्जाली इतिहासकार तथा लामो समय नेपालको प्रशासनिक क्षेत्रमा समय खर्चिनुभएका प्रसिद्ध लेखक महेश्वर शर्माज्यू काठमाडौंको आफ्नै निवासमा स्वास्थ्य लाभ गर्न आराम गरिरहनुभएको अवस्थामा समेत लामो समय दिएर विभिन्न जानकारीहरू र आफ्नो कृति 'स्याङ्जाका चौबीसे राज्यमा रुमलिँदा' प्रदान गरी "भीरकोटको गहन अध्ययन गर्नु है बाबु" भनी आशीर्वाद दिनुभएकोले यो कृति उहाँको आशीर्वाद पनि हो ।

यस शोध-पत्रसँग सम्बन्धित गुठी संस्थान काठमाडौं, मालपोत कार्यालय स्याङ्जा, जि.वि.स. को कार्यालय स्याङ्जा, राष्ट्रिय अभिलेखालय काठमाडौं, एशियाली अनुसन्धान केन्द्र कीर्तिपुर, पृथ्वीनारायण क्याम्पसको पुस्तकालयका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु। साथै यो शोधपत्र तयार गर्दा प्रयोग गरिएका सम्पूर्ण सन्दर्भ पुस्तकहरू र त्यसका लेखकहरूसमेत धन्यवादका पात्र हुनुहुन्छ। त्यसै गरी शोधकार्यमा सहयोग पुऱ्याउनुहुने विर्घा स्याङ्जाका मित्र टोकराज पाण्डे, खिलुङ देउराली कोलेडाँडा स्याङ्जाका मित्र दिपक रोकाहा, भीरकोट बडामौलाकालिका मन्दिरका संयोजक भुवनसिंह अधिकारी, खिलुङकालिका मन्दिरका

पुजारी नुवादत्त अर्याल, शिक्षिका देवकी रेग्मी, शिक्षक साथी झमेन्द्र रानालगायत जानकी उ.मा.वि. स्याङ्जाका सबै शिक्षक मित्रहरू, वालिङ न.पा. का ध्रुवविक्रम खाँण, कृष्ण खाँणलाई बिर्सन मिल्दैन ।

आफू निरक्षर भएर पनि मेरो अध्ययनमा रमाउने पुज्यनीय पिता डिल्लीराम खनाल, माता थमतादेवी खनाल साथै मेरो अध्ययन क्रममा घरायसी मामिला र आर्थिक तजबीज मिलाइदिने जीवनसंगिनी श्रीमती कमला खनालप्रति पनि कम आभारी छैन ।

मेरो यो शोध-पत्रलाई यथासक्य शुद्धताका साथ बडो मिहेनतपूर्वक टाइप गरी समयमै काम दिनुहुने भाइ रोशन श्रेष्ठ र शोध-पत्र तयार पारिदिनु हुने अमृत कम्प्युटर सर्भिस, न्यूरोड, पोखराका दाजु रामबहादुर वि.क.लाई धन्यवाद दिनैपर्छ । शोधपत्र तयार गर्दा प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउने सबैमा धन्यवाद ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनार्थ त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग पोखरा समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०६६/०४/०९

कुलप्रसाद खनाल

इतिहास तथा संस्कृति विभाग

त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस

पोखरा

# विषय-सूची

**परिच्छेद : एक** १-८

१.१. परिचय १

१.२. समस्याको कथन ३

१.३. अध्ययनको उद्देश्य ४

१.४. शोधविधि ४

१.४.१. प्राथमिक स्रोत ४

१.४.२. सहायक स्रोतहरू ४

१.५. पूर्वकार्यको समीक्षा ५

१.६. अध्ययनको महत्त्व ७

१.७. अध्ययनको सीमा ७

१.८. अध्ययनको संगठन ७

**परिच्छेद : दुई – भीरकोट राज्यको राजनैतिक अवस्था** ९-४५

२.१. भीरकोट राज्यको नामकरण ९

२.२. शाहवंशको शासन आरम्भ पूर्व भीरकोटको राजनैतिक स्थिति १०

२.३. शाहवंशको खिलुङ आगमन १२

२.४. भीरकोट राज्यमा शाहवंशको शासन आरम्भ र राज्य विस्तार २०

२.५ खाँण (शाह) हरूको संक्षिप्त परिचय २७

२.५.१. जैन खाँण (राजा हरिहर सिंह) २७

२.५.२. सूर्य खाँण २८

२.५.३. मेदिनि खाँण ३०

२.५.४. किनु खाँण (कृष्ण खाँण) ३१

२.५.५. रूपा खाँण (रूप खाँण) ३१

२.५.६. अनन्त खाँण ३३

२.५.७. अर्जुन खाँण ३३

२.५.८. अनिरुद्र खाँण ३३

२.५.९. श्रीनन्द खाँण ३३

२.५.१०. महेश्वर खाँण ३३

२.५.११. अनन्त खाँण द्वितीय ३३

२.५.१२. इन्द्रभुपाल खाँण ३४

२.६. भीरकोट राज्यको नेपालमा विलय ३६

२.६.१. नेपालमा विलयपछिका रजौटाहरू ४३

**परिच्छेद : तीन– भीरकोट राज्यको अन्य राज्यहरूसँग सम्बन्ध ४६–५१**

३.१. भीरकोट र गुल्मी राज्यको सम्बन्ध ४६

३.२. भीरकोट र पाल्पा राज्यको सम्बन्ध ४७

३.३. भीरकोट र गोरखा राज्यको सम्बन्ध ४७

३.४. भीरकोट र कास्की राज्यको सम्बन्ध ४८

३.५. भीरकोट र पैयुँ राज्यको सम्बन्ध ४९

३.६. भीरकोट र गरहुँ, सतहुँ, ढोर, नुवाकोटको सम्बन्ध ५०

**परिच्छेद : चार – भीरकोट राज्यको सामाजिक अवस्था ५२–६६**

४.१. सामाजिक बनौट ५२

४.२. जातीय स्थिति ५५

४.३. चाडपर्व ५८

४.४. धर्म, संस्कृति ६०

४.४.१. मठ-मन्दिर, मस्जिद र गुठी व्यवस्था ६२

**पश्च्छेद : पाँच – भीरकोट राज्यको आर्थिक अवस्था ६७–७२**

५.१. राज्यको आयस्रोत ६७

५.२. कृषि ६८

५.३. पशुपालन ६९

५.४. उद्योग र खानी ७०

५.५. व्यापार ७१

**परिच्छेद : छ – निष्कर्ष ७३–७५**

६.१. निष्कर्ष ७३

**सन्दर्भ–सामग्रीहरू ७६**

**परिशिष्टाङ्क ७९**